# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या १५ मंसिर ०१, २०७८ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७८ सालको कार्यविधि नं. १५

## मादी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावाना**

नेपालको संविधान ,विद्यामान खेलकुद नीति तथा खेलकुद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरुप खेलकुदको समुचित विकास तथा विस्तारका लागि प्रारम्भिक आधारको रुपमा रहेका विद्यालयहरुलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी

बनाउन स्थानीय, प्रदेश र केन्द्र स्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरुमा सहभागी गराई उत्कृष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी भई राष्ट्रको छवि उच्च बनाउन योगदान पुऱ्याउन सक्ने खेलाडी तयार गर्ने उद्देश्यले मादी गाउँपालिका अन्तर्गतका विद्यालयहरुको सहभागितामा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मादी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि , २०७८ तयार गरी जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "मादी गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;

(क) "गाउँपालिका" भन्नाले मादी गाउँपालिका लाई सम्झनुपर्छ ।

(ख) "पालिका स्तरीय खेलकुद विकास समिति" भन्नाले गाउँपालिकास्तरमा गठित पालिकास्तरको खेलकुद गतिविधि सञ्चालन गर्ने समितिलाई सम्झनुपर्छ ।

(ग) "प्रतियोगिता" भन्नाले गाउँपालिका स्तरमा सञ्चालन गरिने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/ छात्राहरुबीच आ - आफ्नो समूहमा हुने एथ्लेटिक्स, भलिबल, फुटवल, बास्केटबल कराँते, तेक्वान्दो, उसु र कबड्डी प्रतियोगितालाई सम्झनुपर्छ ।

(ङ) "आयोजक" भन्नाले गाउँपालिका वा प्रतियोगिता सञ्चालनको जिम्मेवारी प्राप्त खेलकूद सम्बन्धी कार्य गर्न तोकिएको शाखा वा समिति वा समूह आदिलाई सम्झनुपर्छ ।

(च) "मार्सल आर्ट खेल" भन्नाले कराँते, तेक्वान्दो र उसु खेलहरुलाई सम्झनु पर्छ ।

(छ) "टिम गेम" भन्नाले भलिबल, फुटबल, बास्केटबल, कबड्डी र रिले दौड खेललाई सम्झनु पर्छ ।

(ज) "मस्कट" भन्नाले प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रपति रनिङ शिल्डका लागि पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरेको चिन्हलाई जनाउँछ ।

## परिच्छेद २

## गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

**३. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन :**

(१) मादी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन तथा समन्वय गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) प्रतियोगिता सञ्चालन हुने वडाको वडा अध्यक्ष -सदस्य

(च) गाउँपालिकामा रहेको प्रहरी कार्यालय प्रमुख -सदस्य

(छ) गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित ४ जना -सदस्य

(ज) गाउँपालिकामा खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका वा सम्बन्धित खेलकुद संघको प्रतिनिधि/प्रशिक्षक मध्येबाट एक/एक जना -सदस्य

(झ) प्रतियोगिता संचालन हुने विद्यालयका प्रद्यानाध्यापक -सदस्य

(ञ) गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(२) गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार :

(क) गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, व्यवस्थापन तथा अनुगमन गर्ने ।

(ख) गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधार विकास र व्यवस्था गर्ने ।

(ग) गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने मिति, समय र स्थान निर्धारण गर्ने ।

(घ) गाउँपालिका भित्रका विद्यालयहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने ।

(ङ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा जिल्ला खेलकुद विकास समितिसंग आवश्यक समन्वय गरी प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्ने ।

(च) गाउँपालिकास्तरीय खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने तथा प्रतियोगितामा कुनै विवाद उत्पन्न भएमा समाधान गर्ने ।

(छ) समितिको बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्ने ।

(ज) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

(झ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने ।

(ञ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने ।

(ट) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने उपसमिति गठन गर्ने ।

(ठ) प्रतियोगिता विद्यालयमा संचालन गर्न ठाउँ उपलब्ध हुन नसक्ने अवस्थामा गाउँपालिका भित्रको सबै विद्यालयलाई पायक पर्ने ठाउँ छनौट गरी प्रतियोगिता संचालन गर्ने ।

**४. प्रतियोगिता सञ्चालन प्रक्रिया**

(१) प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले छनौट भएका विद्यार्थीहरूलाई अनुसूची–१ बमोजिमको फाराम भराई तोकिएको समय भित्र आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) प्रतियोगिताका विजयी खेलाडी र विद्यालयहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची–४ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

(४) प्रतियोगिता मौसमको अनुकुलता समेत हेरी चालु आर्थिक वर्षको चैत्र मसान्त भित्र सम्पन्न गरि सक्नु पर्नेछ ।

(५) आयोजकले प्रतियोगिता सञ्चालन गर्नु भन्दा कम्तीमा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने

खेलहरूको विवरण सहितको जानकारी सम्पूर्ण विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची–५ बमोजिमको ढाँचामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिमा पेश गर्नुपर्नेछ ।

(७) प्रतियोगिता नियमित भएकोले अघिल्लो वर्षको शिल्ड नै विजयी विद्यालयलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइने छ, तर एउटै विद्यालयले निरन्तररूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त विद्यालयले सधैंको लागि राख्न पाउनेछ । आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ । रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको विद्यालयले साविक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(८) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा छात्र/छात्रा रिलेको प्रत्येक इभेन्ट्समा एक/एकवटा समुह मात्र र अन्य प्रत्येक इभेन्टमा बढीमा २ जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडीले

बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछ ।

(९) प्रत्येक विद्यालयबाट भलिबलतर्फ बढीमा ९/९ जना छात्र/छात्रा खेलाडीहरू, १/१ जना प्रशिक्षक सहभागी हुन सक्नेछन् । एथ्लेटिक्स र भलिबलका खेलाडीहरु मार्सल आर्टका प्रतिष्पर्धामा सहभागी हुन सक्ने छैनन् ।

(१०) मार्सल आर्ट खेलको हकमा विद्यालयले खेलाडीहरु छनौट गरी सिफारिस गर्नुपर्नेछ । तर खेलाडीहरुको उपलब्धता तथा खेलको प्रकृति अनुसार प्रतिस्पर्धा गराउन सम्भव नभएमा तौल समुह अनुसारका खेलाडीलाई छनौट गरी प्रतियोगितामा सहभागी गराउन सकिने छ ।

(११) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तीमा सहभागीका प्रतिनिधिको रोहवरमा निर्माण गर्नुपर्नेछ ।

(१२) प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल/ विधा तथा प्रत्येक इभेन्ट्सका खेलाडीहरुलाई पदक तथा प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगितामा प्रथम हुने विद्यालयलाई शिल्ड सहित ट्रफी, नगद र प्रमाणपत्र प्रदान गरिनेछ । साथै द्वितीय र तृतीय हुनेलाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गरिनेछ । समग्रमा प्रथम, द्वितीय र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिने

छ । तर कुनै विद्यालयले प्राप्त गरेका पदकका प्रकारको संख्या समान रहेमा टिम खेललाई निर्णयको आधार बनाउनु पर्नेछ । टिम खेल समेत समान रहेमा बढी खेलाडी आवश्यक हुने टिमका आधारमा स्थान निर्धारण गरिने छ र सोबाट समेत नछुटिएमा गोला प्रथाद्वारा छुटयाउनु पर्नेछ ।

(१३) काबुबाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको जानकारी सहभागिलाई गराउनुपर्नेछ ।

## परिच्छेद—३

## विविध

**५. खेलकुद प्रतियोगितामा सहभागि हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्था** : (१) यस कार्यविधिमा जुन सुकै कुरा लेखिएको भएतापनि चालु शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययरत रहेका विद्यार्थीहरु मात्र यस कार्यविधि बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरुमा सहभागी हुन सक्नेछन् ।

(२) प्रतियोगितामा सहभागी खेलाडी विद्यार्थीहरुले एक खेल विधामा मात्र सहभागी हुन पाउने छन् ।

(३) जिल्ला स्तरीय वा प्रदेश स्तरीय वा केन्द्रीय स्तरको प्रतियोगितामा सहभागी भै सकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

(४) गैह्र विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समुहका विद्यार्थीहरुले यो प्रतियोगितामा भाग लिन पाउने छैनन् । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम् प्रतिस्पर्धी खेलाडी/ विद्यालयलाई प्रदान गरिनेछ । साथै मापदण्ड विपरीतका खेलाडी सहभागी गराउने विद्यालय र प्रद्यानाध्यापकलाई आयोजकले उचित देखेमा अनुशासन सम्बन्धी कारवाही गर्न सक्नेछ ।

(५) सहभागी विद्यार्थीको उमेर विषयमा कुनै विवाद भएमा नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को अन्तिम परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्म मितिलाई आधार मानिनेछ ।

**६. आर्थिक पक्ष :** प्रतियोगिता संचालनका लागि गाउँपालिकालाई संघ वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र गाउँपालिकाबाट समेत रकम विनियोजित हुन सक्नेछ ।

**७. विनियोजित रकमको खर्चका आधारहरु :** (१) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधि भित्र रही खर्च गर्नु पर्नेछ । साथै खेल प्रतियोगिता संचालनका लागि विनियोजित बजेट अन्य प्रयोजनका लागि वा यो कार्यविधिमा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन ।

(२) प्रतियोगितामा तोकिएको खेल तथा संख्यामा खेलाडी छात्र/छात्रा सहभागिता गराउने विद्यालयलाई खेल सामग्री व्यवस्थापन, गर्न आयोजकले आवश्यक सहयोग उपलब्ध गर्न सक्नेछ ।

(३) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रम सम्बन्धी बैठक, खाजा, प्रचार प्रसार, खेल सामग्री, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, खेलमैदान मर्मत तथा निर्माण, प्रतियोगिता उद्घाटन, सञ्चालन, समापन र जिल्ला/ प्रदेश/ केन्द्र स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिने छ । प्रतियोगिताको उद्घाटन तथा समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ ।

(४) पालिकाको प्रतिनिधित्व गरी जिल्ला स्तरीय वा प्रदेश स्तरीय वा केन्द्र स्तरीय सहभागी हुने खेलाडी तथा प्रशिक्षकलाई दिइने

सुविधा सम्बन्धमा प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

(५) आयोजकले विनियोजित रकमको खर्चको विवरण कार्यक्रम समाप्त भए लगतै प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकबाट पारित गराइ पालिकामा पठाउनु पर्नेछ ।

**८. प्रस्ताव पेश गर्नुपर्ने :** यस कार्यविधि अनुसार कार्यक्रम आयोजना र सञ्चालन गर्न आयोजकले आयोजनाको मिति, स्थान, शीर्षकगत अनुमानित बजेट, सञ्चालन विधि, समावेश गरिने खेल तथा सम्भावित सहभागी विद्यालयको संख्या खुलाई व्यवस्थापन तथा निर्देशन समितिको निर्णयको छायाँप्रति सहित गाउँ कार्यपालिकामा प्रश्ताव पेश गर्नु पर्नेछ ।

**९. उमेर खुल्ने प्रमाणपत्र पेश गर्नुपर्ने :** स्थानीय प्रतियोगितामा सहभागी हुनको लागि सहभागी खेलाडीहरुले नेपाली नागरिकताको प्रमाण-पत्र तथा जन्म दर्ता प्रमाण-पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । माथिल्लो तहका प्रतियोगितामा सहभागी हुन छनौट भएका खेलाडीहरुको हकमा फारामसँगै नागरिकताको प्रमाणपत्र जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

**१०. निरीक्षण तथा अनुगमन :** प्रतियोगिताको निरीक्षण तथा अनुगमन गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले गर्नेछ ।

**११. बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा अन्तिम निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१२. कार्यविधिको संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१३. खारेजी र बचाउ :** (१) यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख गरेको भए पनि मूल कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

(२) यस अघि राष्ट्रपति रनिङ शिल्ड सञ्चालन सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम गरेको मानिनेछ ।

माद्दी गाउँपालिकाको

## अनुसूची -१

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमुना

(दफा ४ (१) सँग सम्बन्धित)

सहभागी विद्यार्थीको हालसालै खिचिएको फोटो

१. सहभागी विद्यार्थीको नामः

२. विद्यालयको नाम ठेगाना :

३. अध्ययनरत कक्षाः रोल नं.

४. जन्म मिति : सेक्सन

५. सहभागी हुने खेल :

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

**उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने ,**

**छनौट गर्ने विद्यालयको**

प्रधानाध्यापकको नामः

हस्ताक्षरः

मितिः

मोबाइल नं .

विद्यालयको छापः

**नोट : खेलाडीको नागरिकता प्रमाणपत्र तथा जन्मदर्ता प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।**

अनुसूची-२

## विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

(दफा ४ (२) सँग सम्बन्धित)

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषदको संयोजकत्वमा मादी गाउँपालिकास्तर राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजक समितिद्वारा आयोजित अन्तर विद्यालय गाउँपालिकास्तरीय प्रतियोगिताको ........................विधामा ..........................स्थान हासिल गर्नु भएकोमा श्री ...................................... विद्यालय, मादी गाउँपालिका -.............कास्कीलाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमुख
प्रशासकीय अधिकृत

मादी गाउँपालिका

## अनुसूची-३

## विजयी विद्यालयलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

## दफा ४ (३) सँग सम्बन्धित

मादी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको तत्वावधान तथा म पालिका खेलकुद विकास समितिकको संयोजकत्वमा मादी गाउँपालिका द्वारा आयोजित अन्तर विद्यालय व्यापी ................ प्रतियोगितामा ................ स्थान हासिल गर्नु भएकोमा श्री...................... विद्यालयका ................... लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| ................ | .................... | ................ |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्चः प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्रमा
(पुनश्चः प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्रमा
आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका

महानुभावहरुको मात्र दस्तखत हुनेछ ।) महानुभावहरुको मात्र दस्तखत हुनेछ ।)

# अनुसूची –४

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा संलग्न हुने खेलहरूको विवरण राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा संलग्न हुने खेलहरूको विवरण

(दफा ४ (३) सँग सम्बन्धित)

**<u>१. एथ्लेटिक्सः</u>**

**दौड (ट्र्याक) तर्फ**

छात्र १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ५००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ५००० मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले

**उफ्रने र फ्याँक्ने ( उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ : फिल्ड) तर्फ :**

छात्र : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

**<u>२. भलिबल तर्फ :</u>** छात्र र छात्रा दुवै समूह भलिबल छात्र र छात्रा दुवै समूह भलिबल छात्र र छात्रा दुवै समूह भलिबल (केन्द्रीयस्तरको भलिबल प्रतियोगितामा मात्र लिग कम नकआउट केन्द्रीयस्तरको भलिबल प्रतियोगितामा मात्र लिग कम नकआउट  अन्यको हकमा नकआउट विधिबाट मात्र प्रतियोगिता सञ्चालन गरिनेछ ।

**<u>३.मार्सल आर्ट तर्फ :</u>**

## करौँते (सितेरिया)

छात्र : U४२ केजी, U४७ केजी, U५२ केजी र काता एकल

छात्रा : U४० केजी, U४५ केजी, U५० केजी र काता एकल

## तेक्वान्दो

छात्र : U४५केजी, U४८ केजी, र U५१ केजी

छात्रा : U४२ केजी, U४४ केजी, र U४६ केजी

उसु

छात्र

छात्रा

गाउँ कार्यपालिका कास्की

## अनुसूची –५

## प्रगति प्रतिवेदन ढाँचा

(दफा ४ (६) सँग सम्बन्धित)

मिति :

श्री ..........................................।

विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।

मादी गाउँपालिका पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा ........ मा सञ्चालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति ........................... देखि ................... सम्म

स्थान : ................ जिल्ला ............मादी गाउँपालिका. ................... वडा नं. ...........

प्रमुख अतिथि :

**क. सम्बन्धित प्रतियोगिताका सहभागीहरुको विवरण :**

जम्मा विद्यालय संख्या : .... सहभागी विद्यालय संख्या : ....... सहभागी विद्यार्थी संख्या : ......... छात्र : ........ छात्रा : ....... जम्मा ...........

**ख.विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

खेल विधा सहभागी वा टोली संख्या :........................विजयी विद्यालयको नाम :.........................

विजयी विद्यार्थीको नाम : ..............................................................................

एथ्लेटिक्स र भलिबल खेलका आधारमा प्रथम हुने विद्यालयको नामः ...... ठेगानाः ........ प्राप्तांक.....

एथ्लेटिक्स र भलिबल खेलका आधारमा द्वितीय हुने विद्यालयको नामः ..... ठेगानाः......... प्राप्तांक.......

**आज्ञाले**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**